आज मिति २०८३ साल वैशाख महिनाको ०८ गते ठीक ११:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०६ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

लेखा अधिकृत श्री सरोज काफ्ले

का.स.श्री शोभा कुमारी फाल

<u>मिति २०८२।०१।०८ गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको १०६ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु</u>

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

३,सहयोग सम्बन्धमा ।

४,सुरक्षित गर्भपतन सेवा र कुपोषण बहिरंग उपचार केन्द्र सूचीकृत/स्थापना सम्बन्धमा ।

५,कृषि मेशिनरी तथा औजार खरिद प्रक्रिया सम्बन्धमा ।

६,विविध ।

मिति २०८२।०१।०८ गते बसेको निस्दी गाउँपालिकाको १०६ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

-बाख्रा स्रोत केन्द्र स्थापना

-निस्दी सब-डिभिजन वन कार्यालय घेराबार तथा व्यवस्थापन

-राईकोट बाङलाङ घाँचुर गल्धाफाँट झोलुङ्गे गोरेटो बाटो ढलान तथा अहट निर्माण

-हात्ती भञ्ज्याङ्ग छपाक्दी मो.बा.ढलान

-बलौटे सिचाई योजना

-लबेदी अलैचे तथा मलग्राम खानेपानी योजना

२.आगामी आ.व.२०८३।०८४ को लागि यस निस्दी गाउँपालिका अन्तर्गत प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदान तर्फ देहाय बमोजिमका आयोजना प्रस्ताव पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन ) कार्यविधि,२०८१ बमोजिम प्रदेश समपूरक अनुदान तर्फ :

| प्राथमिकता क्र.सं. | प्रस्तावित आयोजना | लागत |
|---|---|---|
| १ | विद्युत पोल व्यवस्थापन तथा स्तरोन्नती | रु.३ करोड |
| २ | पालिकास्तरीय खेलमैदान निर्माण | रु.२ करोड |

विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६(दोस्रो संशोधन २०८१ समेत ) बमोजिम प्रदेश विशेष अनुदान तर्फ :

| प्राथमिकता क्र.सं. | प्रस्तावित आयोजना | लागत |
|---|---|---|
| १ | रुम्बुम्सी राईकोट लिफ्टिङ्ग खानेपानी | रु.४० लाख |

३.देहायका विपदसँग सम्बन्धित समस्याको लागि विपद व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी विपद व्यवस्थापन सहयोग उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-गौरीशंकर मा.वि.को शौचालयको सेफ्टीटंकी मर्मत वडा नं.४

-चुलीडाँडा कबुलियती वन समूहको भवनको छाना

४.यस निस्दी गाउँपालिकामा महिलाहरुको प्रजनन् अधिकारको लागि सुरक्षित गर्भपतन सेवा ( MA Service Site) र बाल स्वास्थ्यको लागि कुपोषण बहिरंग उपचार केन्द्र (OTC) देहायका स्वास्थ्य संस्थाहरुमा सूचीकृत/स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | ठेगाना | सूचीकृत/स्थापना गरिएको सेवा/केन्द्र |
|---|---|---|---|
| १ | बाकामलाङ स्वास्थ्य चौकी | निस्दी गा.पा.-१ | OTC |
| २ | सहलकोट स्वास्थ्य चौकी | निस्दी गा.पा.-२ | OTC |
| ३ | झिरुबास स्वास्थ्य चौकी | निस्दी गा.पा.-३ | OTC |
| ४ | अर्चले स्वास्थ्य चौकी | निस्दी गा.पा.-६ | OTC |
| ५ | ज्यामिरे स्वास्थ्य चौकी | निस्दी गा.पा.-७ | OTC र MA Service Site |

५.यस आ.व.२०८२।०८३ को कृषि मेशिनरी तथा औजार खरिदको कार्य निस्दी गाउँपालिका कृषि मेशिनरी खरिद मापदण्ड,२०८१ बमोजिम आपूर्तिकर्ताहरुको लागि २१ दिने सूचना प्रकाशन गर्ने व्यवस्था भएकोमा समय अभावको कारण ७ दिने सूचना प्रकाशन गर्ने र 7HP सम्मको मेशिनरीमा ५०% अनुदान उपलब्ध गराउने साथै सो भन्दा माथिको स्पेसिफिकेसनमा कृषक स्वयम् जिम्मेवार रहने गरी कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

६.तपशिलका विविध विषयमा देहाय बमोजिमका निर्णय गरियो ।

क. मिति २०८३।०१।०२ मा बसेको गाउँ शिक्षा समितिको बैठकमा प्रस्तावित प्रस्तावहरुको विषयमा भएका निर्णयहरुलाई यसै गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ख.यस निस्दी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५ बमोजिम देहाय अनुसारको गाउँ विपद् व्यवस्थापन समितिको गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- गा.पा.अध्यक्ष श्री मुक्त बहादुर सारु

सदस्य — गा.पा.उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

सदस्य — प्र.प्र.अ. श्री पूर्ण बहादुर चितौरे

सदस्य — सं.वि.तथा से.प्र.र सुशासन विकास समितिका संयोजक श्री फत्ते सिं दर्लामी

सदस्य — पूर्वाधार विकास समितिका संयोजक श्री नविन्द्र थापा सोती

सदस्य-आर्थिक विकास समितिका संयोजक श्री मुक्त बहादुर पाटा

सदस्य- वन,वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री सन्तविर सुनारी

सदस्य- सामाजिक विकास समितिका संयोजक मेख बहादुर सुनारी

सदस्य — अ.स.ई.श्री खिल बहादुर राना

सदस्य-ना.सु.श्री सुकुन राज अर्याल

सदस्य -स्वास्थ्य शाखा प्रमुख रेम बहादुर दिशा

सदस्य — ईन्जिनियर श्री संजय खनाल

सदस्य — दलका प्रतिनीधि श्री राम बहादुर पाटा

सदस्य — दलका प्रतिनीधि श्री राम प्रसाद खत्री

सदस्य — दलका प्रतिनीधि श्री अलङविर सुनारी

सदस्य — दलका प्रतिनीधि श्री भुपिन सुनारी

सदस्य — दलका प्रतिनीधि श्री भुवन थापा सोती

सदस्य — व्यावसायी श्री दुर्गा बहादुर सारु

सदस्य — अध्यक्ष निस्दी खेलकुद विकास समिति श्री हरी राना

सदस्य — स्थानीय पत्रकार श्री पुनाराम सुनारी

सदस्य सचिव — श्री हरि आले

ग.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा विपद सँग सम्बन्धित विविध काम गर्ने गरी सम्पर्क व्यक्तिको रुपमा यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री हरी आलेलाई जिम्मेवारी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

घ.व्यावसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना ( २०८०।०८१-२०८४।०८५) बमोजिम देहाय अनुसारको निस्दी गाउँपालिकाको अनुगमन र मूल्याङ्कन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक — गा.पा.उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

सदस्य — मानव अधिकारकर्मी श्री रुद्र बहादुर मश्राङ्गी

सदस्य — श्री प्रितम आले

सदस्य – श्री विष्णु कार्की

सदस्य – श्री दिलमाया सारु

सदस्य सचिव – प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

ङ.संघीय विशेष अनुदान अन्तर्गतको स्थायी टनेल निर्माण कार्यक्रम मार्फत वडा नं.१ मा माग भएबमोजिमको ३ वटा र वडा नं.५ मा माग भए बमोजिमको ४४ वटा मध्ये ३४ वटा स्थायी टनेल डोम सेप मोडेलको निर्माण गर्ने भनिएकोमा तापक्रम धेरै हुने भएकोले हाल नमस्ते मोडेलको स्थायी टनेल निर्माण गर्न गाउँ कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।